# व्यवसायिक भेंडापालन तालिम



## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
## सिंजा, जुम्ला

२३-२५ चैत्र २०७८

C-11 Sheep Farming Training, Sinja, Jumla 06-08 April 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय सिंजा, जुम्लाले ३० जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ चैत्र २३ गते देखि २५ गते सम्म जुम्ला जिल्लाको सिंजा गाउँपालीका वडा नं. ४ नराकोटमा **"व्यवसायिक भेंडापालन तालिम"** सम्पन्न गरेको छ । क्षेत्रीय कार्यालय विरेन्द्र नगर सुर्खेतका क्षेत्रीय प्रमुख नवराज जोशीको प्रमुख आतिथ्यता तथा सिंजा गाउँपालीकाकी वडा सदस्य पुजा हमाल, निर्धन उत्थान शाखा कार्यालय प्रमुख मनु अर्यालको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिमलाई पशुपंक्षी विकाश प्रमुख नर सिंह थापा, तथा पशुपंक्षी सेवा केन्द्रका प्राविधिक लाल बहादुर रावतले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा अतिथि पुजा हमालले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारीको सृजना र थोरै भए पनि आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । हाम्रो जस्तो पिछडिएको अति दुर्गम जिल्ला जुम्लामा यसरी लक्षित वर्गमा वित्तीय सेवा मात्र नभई सिप एवं महिला सशक्तीकरणमा लघुवित्त कार्यक्रम प्रभावकारी रहेको बताउनु भएको थियो । क्षेत्रीय प्रमुख नवराज जोशीले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले विशेष जोड गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमी बाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो ।

तालिममा भेंडापालन को परिचय, नेपालमा भेंडापालनको आवश्यकता, महत्व र वर्तमान स्थिति, भेंडाका बिभिन्न जातहरू, खोर निर्माण, स्वास्थ्य सम्बन्धी जानकारी, पाठापाठी हुर्काउने तरिका, रोगी तथा निरोगी भेंडाको पहिचान, भेंडामा लाग्ने रोगहरू (परजिवि जिबाणु र जुका), भेंडाको आहार (सन्तुलित आहार बनाउने तरिका, हरियो घाँस, सुकेको घाँसको खुवाउने तरीका), गर्भिणी तथा सुत्केरी माउको स्याहार, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोर लाई तातो राख्ने तरिका, हावा, प्रकाशको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, परिजिविहरूको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय भेंडा पालनको महत्व, कमि, कमजोरी, संरक्षण तथा विकास, तथा बजार ब्यवस्थापनको समस्या नरहेको सम्बन्धमा प्रशिक्षकहरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री पार्वती रावल रावत, सपना बुढा र सुमित्रा आचार्य लगायतले मन्तब्य राखेको थिए । व्यवसायिक रूपमा भेंडापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले संस्था बाट सानो सानो परिमाणमा कर्जा लिई व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए ।